नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

माघ/फागुन २०७० (February 2014) वर्ष १८/अङ्क २०३

## "खोलिएको ढोका र अग्रसर पाइलाहरू !"

- श्री लेख नाथ पौडेल

पच्पन्नौं वर्ष पार गरेको नेपाली इसाई मण्डलीको इतिहास छोटो भएता पनि नेपाल र नेपाली जगतको बीचमा खीष्टको सुसन्देश पुऱ्याउने कार्यमा यसको अग्रणी भूमिका रहेको छ । यो कार्यमा परमेश्वरको भय मान्ने र भक्तिपूर्ण जीवन बिताउन मन पराउने नेतृत्वको कर्म, परिश्रम र योगदान पनि उत्तिकै मननयोग्य छ । "खीष्ट जस्तै बनाउन खीष्ट जस्तै बनौं" भन्ने मूल अभियानका साथ नेपाली इसाई मण्डली परमेश्वरको राज्य विस्तारको काममा अघि बढिरहेको छ । अर्को शब्दमा भन्नुपर्दा यसको आकार तथा विस्तार बढ्दो स्तरमा छ । परमेश्वरले नेपाली जातिलाई औधी प्रेम गर्नुहुन्छ भन्ने कुरा मण्डलीले बुझेको छ । हुन पनि यो समय नेपाल तथा नेपाली जातिको निम्ति परमेश्वरको कृपाको ऋतु (समय) बनेको छ । केही वर्ष तथा दशक अघिसम्म देशको चारकुनाभित्र गरीबी, अभाव, बन्धन, कुरीतिमा जगडिएका नेपालीहरू अहिले विश्वका प्रायः सबै मुलुकहरूमा पुगिसकेका छन् । परमेश्वरले नेपाली र नेपाली जातिलाई इज्जत प्रदान गर्दै हुनुहुन्छ । यो सबै हुनुको पछाडि उहाँको मण्डली यो राष्ट्रमा भएकै कारणले हो ।

"धार्मिकताले राष्ट्रलाई उचाल्छ ।" हो, धार्मिकताले राष्ट्रको उन्नति गराउँछ । यो देशको अझ उन्नति अझ धेरै धार्मिकताले ल्याउँछ । अनि यो धार्मिकता खीष्ट येशूद्वारा मात्र आउँछ । तसर्थ मानिसहरूले खीष्टलाई चिन्नु यो राष्ट्र तथा जातिकै निम्ति पनि अपरिहार्य छ । कतिपयले खीष्ट चिनाउने कार्यलाई धर्म प्रचार गरेको भनी आरोप लगाउने गर्छन् । तर खीष्टबिनाको मानिसको अन्तिम अवस्था (यस पृथ्वीको जीवन र मृत्युपछिको जीवन) दयनीय हुन्छ भन्ने हामी मण्डलीलाई थाहा छ । यसैकारण जसले जे भने तापनि वा गरे तापनि मण्डलीले खीष्टको प्रचार गर्न कहिल्यै छोडेन र छोड्दैन पनि !

परमेश्वरले अहिले नेपाल र नेपाली जातिले खीष्टलाई चिनून् भनी विशेष रूपमा ढोका खोलिदिनुभएको छ । अहिले हरेक गाउँ-गाउँमा सुसमाचार पुगिरहेको छ । शहरहरूमा सुसमाचार गइरहेको छ अनि नेपालभन्दा बाहिर अर्थात् विदेशमा पनि सुसमाचार पुगिरहेको छ । यो परमेश्वरको अनुग्रह हो र उहाँले नै नेपाली जातिको निम्ति यो ढोका खोलिदिनुभएको हो ।

परमेश्वरले गर्नुभएको कामको शैली देख्दा हामीलाई उदेक लाग्छ । कटनीको समयमा बाली पाकेर लटरम्म भएजस्तै खीष्टमा आउन मानिसहरू तयार छन् । नेपालका विभिन्न गाउँ-गाउँमा, शहर-शहरमा र विदेशी शहरहरूमा नेपालीहरूले सुसमाचार सुनिरहेका छन् अनि तीमध्ये धेरैले विश्वास गरी खीष्टलाई ग्रहण गरिरहेका छन् तर पनि अझै धेरै त्यस्ता ठाउँहरू छन् जहाँ अहिलेसम्म पनि सुसमाचार पुग्न सकेको छैन । परमेश्वरको अनुग्रहको समयको कारण नेपाल लगायत विश्वभरि छरिएर रहेका नेपालीहरूमा खीष्टको निम्ति तिर्खा छ । यो तिर्खा सुसमाचारद्वारा मात्रै पूरा गर्न सकिन्छ तर मूल कुराचाहिँ सुसमाचार लिएर को जाने ?

"किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ । तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरुले कसरी पुकार्ने ? जसको विषयमा सुनेकै छैनन् उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने ? र प्रचारकविना तिनीहरूले कसरी सुन्ने ?" (रोमी १०:१३-१४) ।

हाल नेपालका ३२ वटा भन्दा बढी जिल्लाहरूमा नेइमका शाखा-आबद्ध मण्डलीहरू तथा संगतिहरू रहेका छन् । अझ धेरै जिल्ला, गाउँ तथा शहरहरूमा नेइम पुग्न बाँकी छ । कतिपय गाउँहरूमा त अझैसम्म सुसमाचार पुगेकै छैन । सुसमाचार नपुगेका गाउँ-बस्तीहरूमा सुसमाचार पुऱ्याउने हामी विश्वासीहरूको प्रमुख कर्तव्य र दायित्व हो । जुन दायित्व प्रभुले हामीलाई सुम्पनुभएको छ । उहाँले भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दाषी ठहरिनेछ ।" (मर्कूस १६:१५-१६) ।

तर एउटा मुख्य प्रश्नः कसरी यो दायित्व हामीले पूरा गर्न सक्छौं ? यसको सरल उत्तरः हामी सबैजना कुनै न कुनै किसिमले परमेश्वरको मिशनको काममा सहभागी भएर प्रभुले हामीलाई सुम्पनुभएको यो जिम्मेवारी बहन गर्न सक्छौं ।

मिशनको काम भन्ने बित्तिकै सबैभन्दा पहिले हाम्रो मनमा कतै पहाड चढ्नुपर्छ वा कतै टाढा जानुपर्छ भन्ने आउँछ तर वास्तवमा त्यसो होइन । प्रभुले आफ्नो स्वर्गारोहण हुनु अघि चेलाहरूलाई भन्नुभयो, "... र तिमीहरू यरुशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ ।" (प्रेरित १:८) । यहाँ हामीले देख्न सक्छौं कि सुसमाचार भनेको नै खीष्टले आफ्नो जीवनमा गर्नुभएको कामको सम्बन्धमा साक्षी दिनु हो । यहाँ उल्लेख गरिएको यरुशलेम आफ्नै घर, नातागोता हो । यहूदिया टोल वरपर अनि शहर वरपर हो । सामरिया अर्को जाति वा सहर हो भने पृथ्वीको पल्लो छेउ भनेको संसारभरि हो । सुसमाचारको निम्ति जाने कुरा पनि महत्त्वपूर्ण छ । जबसम्म हामी मानिसहरूकहाँ जाँदैनौं तिनीहरूले प्रभुको बारेमा सुन्न सक्दैनन् । मिशनमा 'जाने कार्य' एकदमै जरूरी हुन्छ । नगएसम्म हामी मानिसहरूलाई भेट्न सक्दैनौं । त्यसो भए कहाँ जानु त ? हामी टाढा नै जानुपर्छ भन्ने होइन । जाने कुराले दूरीलाई जनाउँदैन तर मानिसहरूसितको सम्पर्कलाई जनाउँछ । यसर्थ प्रभु नपाएका मानिसहरूसित सम्पर्क स्थापित गरी प्रभुको बारेमा बताउनु नै 'जानु' हो ।

हाम्रो लागि अवसरको ठूलो ढोका खुल्ला छ । परमेश्वरले हामीलाई मौका दिनुभएको छ । अनुग्रहको यो समयमा सुसमाचारको काम गर्ने वातावरण अत्यन्तै राम्रो छ । तर यसका निम्ति अग्रसर पाइलाहरूको खाँचो छ । सुसमाचारिय दृष्टिकोणले पछाडि परेका मुगु, हुम्ला, बझाङ्ग, दार्चुला, ताप्लेजुङ्ग जस्ता बिकट पहाडी जिल्लाहरूमा आन्तरिक मिशनेरी पठाउनका लागि मण्डलीले प्रार्थना गर्दैछ । तराईका जिल्लाहरूमा पनि मिशनेरीहरू पठाउन प्रार्थना गर्दैछ । देशभित्र मात्र नभएर देश बाहिर भारत, मलेसिया तथा खाडी मुलुकहरूमा पनि अरू थप मिशनेरीहरू पठाउन तयारी गर्दैछ ।

शाखा-आबद्ध मण्डलीहरूलाई आधार क्षेत्र बनाएर त्यस वरपरका भेगहरूमा सुसमाचार बिस्तार र मण्डली स्थापनाको कार्य भइरहेको छ । सुसमाचार पुगेका गाउँहरूको सामाजिक रूपमा मुहार फेर्ने तथा स्थानीय शाखा-आबद्ध मण्डलीहरूलाई एउटा नमूना मण्डली तथा त्यहाँको गाउँबस्तीलाई नमूना गाउँबस्ती बनाउन सामाजिक स्तरमा उठाउने काममा पनि नेपाली इसाई मण्डली सकृय छ । तालिमलाई ध्यान दिएर क्षेत्र वर्गीकरण गरी क्षेत्रीय अगुवा तालिमका कार्यक्रमहरू सम्पन्न भइरहेका छन् । विभिन्न शाखा-आबद्ध मण्डलीहरूमा जाने, तालिम दिने तथा संगति गर्ने थुप्रै तालिमदाता तथा शिक्षकहरूको खाँचो छ । अन्तर जिल्ला मिशनेरीहरू पठाउन मण्डली सकरात्मक भएर अघि बढिरहेकाले त्यस्ता मिशनेरीहरूको पनि खाँचो छ ।

विभिन्न चुनौतिहरूका वावजूद पनि मिशनको काम व्यापक भएर गएको छ र हुनु पनि पर्छ । तर यो काम मण्डलीको मिशन विभाग वा मिशन समितिले मात्र गर्न सक्दैन र गर्दैन पनि तर यो काममा सबै मण्डलीको सहभागिता चाहिन्छ । अग्रसर पाइलाहरू चाहिन्छ । जस्तो लेखिएको छ, "सुसमाचार प्रचार गर्नेहरूका पाउ कति सुन्दर" (रोमी १०:१५) । तसर्थ हामी सबै मिलेर यो महान जिम्मेवारी पूरा गरौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| माघ २५ गते<br>फरवरी ८ ता. | पाष्टर<br>सामुएल कार्थक | डीकन<br>मान ब. मगर | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>गोपाल शर्मा | पाष्टर<br>रोल्याण्ड रोंगोंग | डीकन<br>रुद्र राई | एल्डर<br>सरन राई |
| फागुन ३ गते<br>फरवरी १५ ता. | एल्डर<br>शामुएल क्षेत्री | श्री<br>सरुषमान तामाङ्ग | डीकन<br>बाघमान तामाङ्ग | एल्डर<br>सीता गुरुङ्ग | डीकन<br>घनश्याम दाहाल | श्री<br>श्रीराम सुर्खेती | श्री<br>पुरुषोत्तम न्यौपाने |
| फागुन १० गते<br>फरवरी २२ ता. | डीकन<br>अर्जुन ढकाल | एल्डर<br>पूर्ण सुनुवार | डीकन<br>जेम्स राई | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | संयुक्त सेवा<br>ललितपुर चर्च | संयुक्त सेवा<br>ललितपुर चर्च |
| फागुन १७ गते<br>मार्च १ | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | डीकन<br>राजु तामाङ्ग | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पा. रोल्याण्ड रोंगोंग<br>पा. राजेन्द्र कु. रोगेंग | एल्डर<br>रुबेन श्रेष्ठ | पाष्टर<br>बी.बी. खवास | एल्डर<br>सिमोन खालिङ |

## जानकारी



साँखु बस्नुहुने, नेइम साँखु मण्डलीकी सदस्य श्रीमती धनमाया तामाङ्ग ६३ वर्षको उमेरमा पौष २७ गते/जनवरी ११ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।

---



नगरकोट बस्नुहुने, नेइम नगरकोट मण्डलीकी सदस्य श्रीमती बसुन्धारा नेपाली ७७ वर्षको उमेरमा पौष २८ गते/जनवरी १२ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।

## प्रार्थनाका विषयहरू

१) नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डलीहरू र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाई र शक्तिमा वोझसाथ लागिपर्न सकून् भनी प्रार्थना गरौं ।

२) मण्डलीका सबै विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशूमा पाइने सित्तैको मुक्तिको सुसन्देश सुनाउने काममा सधैं लागि पर्न सकौं ।

३) यो वर्ष धेरैले ख्रीष्ट येशू प्रभुलाई ग्रहण गरी पानीको बप्तिस्माको कदम उठाउन सकून् र धेरै अधुरो परिवारकाहरू विश्वासमा आउन सकून् ।

४) सेवा संगति, प्रार्थना, वचन पढाई, प्रशंसा र सुसमाचार प्रचार गर्ने विषयहरूमा मण्डलीका विश्वासीहरू कोही पनि सेलाएर नगएको होस् ।

५) वर्षभरी हुने प्रार्थना सभा, आराधना सेवा, घरेलु संगति, बाइबल अध्ययन, बाल, युवा, महिला, पुरुष संगति, सुसमाचार प्रचार साथै अन्य सेवा संगति तथा सभाहरूको लागि प्रार्थना गरौं ।

६) देशमा बनिन लागेको सम्बिधान सबैको हित हुने साथै समयमा नै तयार हुन सकून भनी प्रार्थना गरिदिऔं ।

७) एस.एल.सी. परीक्षा दिन लागेका सम्पूर्ण विद्यार्थीहरूका लागि साथै स्कूल, कलेजमा अध्यनरत सम्पूर्ण विद्यार्थीहरूको लागि प्रार्थना गरिदिऔं ।

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे<br>बिहान ८:०० बजे भैंसेपाटी | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, धापासी र साँखु |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा, भैंसेपाटी |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, गोंगबू, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |

| कार्यक्रम | बार | समय | स्थान | |
|---|---|---|---|---|
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान, ताहाचल | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैंसेपाटी, कमलाक्षी, ताहाचल, बाँसघारी पतलीसडक | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ | |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल,ठिमी-नगदेश | दिउँसो ३:०० बजे पनौती |

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **मिति** | **जोरपाटी** | **गाम्छा** | **सुन्दरीजल** | **जहरसिंह पौवा** | **साँखु** | **गोंगबूँ** | **धापासी** | **रानीपौवा** |
| **माघ २५ गते फरवरी ८ ता.** | डीकन पासाङ्ग तामाङ्ग | डीकन नर बहादुर श्रेष्ठ | श्री राज गुरुङ्ग | श्री भक्ति लामा | श्री कृष्ण श्रेष्ठ | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री कुमार सेञ्चुरी |
| **फागुन ३ गते फरवरी १५ ता.** | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपाटी चर्च | डीकन सिमोन पाठक | पाष्टर अशोक मुखिया | श्री राजु तामाङ्ग |
| **फागुन १० गते फरवरी २२ ता.** | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घलान | एल्डर सागर थापा | डीकन जिल्बर्ट मिसो | श्री कुमार सेञ्चुरी | डीकन बेन्जामीन तामाङ्ग |
| **फागुन १७ गते मार्च १** | पाष्टर रिचार्ड टो | श्री लाक्पा लामा | श्री राज गुरुङ्ग | श्री भक्ति लामा | श्री कृष्ण श्रेष्ठ | पाष्टर एल.पी.न्यौपाने | पाष्टर बर्णबास श्रेष्ठ | संयुक्त सेवा गोंगबूँ चर्च |

# हार्दिक वधाई



पौष २१ गते/जनवरी ५ तारिख आइतबार नेइम गोंगबूँ चर्चको सदस्य सुश्री **स्नेह तामाङ्ग** र नेइम लालितपुर चर्चको सदस्य श्री **माइकल तामाङ्ग**को नेपाली इसाई मण्डली गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा **श्रीमान/श्रीमती माइकल/स्नेह तामाङ्गलाई** मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

---



माघ १२ गते/जनवरी २६ तारिख आइतबार नेइम गोंगबूँ चर्चको सदस्य सुश्री **बिनीमाया तामाङ्ग** र रेमा स्वतन्त्र पेन्टिकोष्टल चर्च सिक्किमको सदस्य श्री **दिल कुमार राई**को नेपाली इसाई मण्डली गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा **श्रीमान/श्रीमती दिल कुमार/बिनीमाया राईलाई** मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

---



माघ १३ गते/जनवरी २७ तारिख सोमबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **सञ्जिब दुलाल** र काफलडाँडा ब्याप्टिष्ट चर्च लेलेको सदस्य श्री सुश्री **समिता सिलवाल**को काफलडाँडा ब्याप्टिष्ट चर्च लेलेमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा **श्रीमान/श्रीमती सञ्जिब/समिता दुलाललाई** मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### अभिषेक

पौष २७ गते/जनवरी ११ तारिख शनिबार नेइम ललितपुर मण्डलीका डीकन गोपाल शर्मा, डीकन जनकलाल श्रेष्ठ, डीकन श्याम रन्जित, डीकनेस् श्यारोन रोंगोंग, डीकनेस् ग्रेस खालिङ, श्री छ्योगेन रोंगोंग र श्री शरण राईलाई एल्डर अभिषेक गरियो ।

### बप्तिस्मा

पौष २५ गते/जनवरी ९ तारिख बिहीबार नेइम ज्ञानेश्वर अन्तर्गत काटाकुटी दोलखा संगतिका ११ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

माघ २ गते/जनवरी १६ तारिख शनिबार नेइम गोंगबूँ मण्डलीका ९ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

## कार्यक्रम

फागुन १ गते/फरवरी १३ तारिख बिहीबार
**महिला उपबास प्रार्थना** आ-आफ्नै मण्डलीमा

फागुन ७ गते/फरवरी १९ तारिख बुधबार
**नेइम कार्यकारिणीको बैठक** नेइम गोंगबूँ मण्डलीमा

फागुन १५ गते/फरवरी २७ तारिख बिहीबार
**नेइम पुरुष रिट्रट** नेइम धापासी मण्डलीमा
बिहान ९:०० बजे देखि दिउँसो ३:०० बजे सम्म

### मिशनरीहरूको लागि प्रार्थना

नेइमबाट मिशनेरी भएर जानुभएका श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बाई), पाष्टर नरेन्द्र र शान्त सिंह परिवार (कोटद्वार, गडवाल), पाष्टर प्रदिप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत), पाष्टर लोक र श्रीमती परिना गुरुङ्ग परिवार (सिलगढी, भारत) उहाँहरूको सेवकाई र मण्डलीको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | १९ 2<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>**२ कोरिन्थी २:१४-१७** | २६ 9<br>मण्डलीलाईअगुवाइ गरिराख्नु भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि अघि बढाउन सकून्<br>**भजनसंग्रह ३२:८, १४३:१०** | ४ 16<br>नेपाल देशका सबै जिल्लाहरूमा सुसमाचार फैलिएर जान सकोस् र धेरै नेपालीहरू प्रभुको राज्यमा आउन सकून् ।<br>**१ तिमोथी २:१-८** | ११ 23<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>**भजनसंग्रह ७८:७१-७२** |
| **सोमबार**<br>**Monday** | २० 3<br>हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीले प्रार्थनाको महत्व बुझी प्रार्थना सभामा आउन सकून् ।<br>**यूहन्ना १४:१२-१४** | २७ 10<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत प्रभुसँगको संगति र पारिवारिक वेदी कहिल्यै नसेलाएको होस् ।<br>**भजनसंग्रह ८४:१-८** | ५ 17<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>**मत्ती २८:१८-२०** | १२ 24<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>**१ थेसलोनिकी ५:१६-१८** |
| **मंगलबार**<br>**Tuesday** | २१ 4<br>सबै सेवक/सेविकाहरूको सेवकाइमा पवित्र आत्माको अगुवाइ, भरपूरी र सहायता मागिदिऔं ।<br>**फिलिप्पी २:१३** | २८ 11<br>मण्डलीमा भइरहेको आत्मिकी सभामा जुवाहरू भाँचिएको साथै चंगाई, छुटकारा, निको हुवाई र आश्चर्य कर्महरूको लागि प्रार्थना गरिदिऔं ।<br>**यशैया ३५:३-७,१०** | ६ 18<br>मण्डलीका पाको उमेरका सबै बृद्ध/बृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**यशैया ४६:४** | १३ 25<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>**यहून्ना १०:२७-३०** |
| **बुधबार**<br>**Wednesday** | २२ 5<br>घरेलु संगतिका सबै अगुवाहरूले आफ्नो झुण्डलाई हुर्काउने, बढाउने काम पवित्र आत्माको सहायताद्वारा अझ उत्साहसाथ गर्दै जान सकून् ।<br>**१ पत्रुस ५:२-४** | २९ 12<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, सहयोग, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>**१ थेसलोनिकी ५:११** | ७ 19<br>मण्डलीका सबै विश्वासीहरू आफ्नो कमाइको दशांश साथै अन्य भेटीहरू चढाउने विषयमा विश्वास योग्य हुन सकून ।<br>**लूका ६:३८, प्रेरित २०:३५** | १४ 26<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनलाई बाधा दिने सबै अन्धकारका कुराको विरूद्धमा प्रार्थना गरौं ।<br>**२ कोरिन्थी १०:३-५** |
| **बिहीबार**<br>**Thursday** | २३ 6<br>परिवारका सबै सदस्यहरू परिवारमा, मण्डलीमा र समाजमा असल साक्षी भएर जिउन सकून् ।<br>**एफिसी २:१०** | **१ फागुन** 13<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन आफ्नो परिवार र मण्डलीको लागि आशिषमय बन्न सकोस् ।<br>**भजनसंग्रह १४४:१२-१५** | ८ 20<br>सबै जवानहरू आफूले पाएको मुक्तिको सुसमाचार सुनाउन अझै बोझ र दर्शनकासाथ लागिपर्न सकून् ।<br>**१ कोरिन्थी ९:१६** | १५ 27<br>सबै बालबालिकाहरूको आत्मिक जीवन, पढाई, स्वास्थ्य र सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।<br>**उत्पत्ति १७:१-८** |
| **शुक्रबार**<br>**Friday** | २४ 7<br>झूटा शिक्षा र शिक्षकको भर्माउने कुराहरूबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>**यूहन्ना १६:१३-१५** | २ 14<br>आराधना सेवामा आउनेहरू आत्मा र सत्यतमा आराधना गर्न र वचन सुन्नका निम्ति हृदयको तयारीमा आउन सकून् ।<br>**भजनसंग्रह १२२:१-४, २६:८** | ९ 21<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>**यूहन्ना १४:२१, २३-२४** | १६ 28<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>**यशैया ४५:२०-२३** |
| **शनिबार**<br>**Saturday** | २५ 8<br>वचनको सेवकाइ गर्नुहुने, आराधना अगुवाई गर्नुहुने र आराधना झुण्ड साथै सञ्चालन गर्नुहुने र सुसमाचार सुनाउनुहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**१ कोरिन्थी २:१२-१३** | ३ 15<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासी-हरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>**यूहन्ना १६:३३** | १० 22<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>**प्रस्थान २०:१-६** | १७ March 1<br>विश्वव्यापी मण्डलीहरूमा हुने आराधना सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् र उहाँलाई नै सदा महिमा मिलेको होस् ।<br>**यशैया ५५:६-१३** |